जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ११७ • २०८१ फागुन ५ गते सोमवार • 17 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

# सन्त रामपालजी महाराजको बोध दिवसमा सतलोक आश्रममा ७ नव जोडीहरूको दाइजोमुक्त सामुहिक अन्तर्जातीय विवाह (रमैणी) सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ फागुन**




सतलोक आश्रम धनुषामा ७ नव जोडीहरुको दाइजो रहित सामुहिक विवाह गराइएको छ । समाजलाई दाइजोमुक्त बनाउने अभियान अन्तर्गत यो विवाह गराइएको हो। धनुषा जिल्लाको मिथिला न.पा. - २, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा सन्त रामपालजी महाराजको ३८औं बोध दिवस यस वर्ष पनि भव्यताका साथ मनाईदै छ ।

उक्त पावन समागमको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरु द्वारा यहि फाल्गुन महिनाको ३ देखि ५ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रमको दोस्रो दिन फाल्गुन ४ गते आइतबार विभिन्न सामाजिक कार्यक्रमहरु गरियो । समाज सुधारक सन्त रामपालजी महाराजको बोध दिवस हरेक वर्ष मनाउने गरिएको आयोजकले जनाएका छन् । सन्त रामपालजी महाराजको सान्निध्यमा आदरणीय सन्त गरिबदासजी महाराजद्वारा रचित अमरग्रन्थ साहेबको अखण्ड पाठ जारी राख्दै ७ नव जोडिहरुको दाइजो तथा आडम्बरमुक्त विवाह (रमैणी) गराइएको छ । यस विवाहमा कुनै प्रकारको सरसामान तथा नगद लेनदेन भएको छैन भने बेहुला वा बेहुली दुवैपक्षको कुनै पनि खर्च भएन । सर्व आगन्तुकहरुलाई खाने तथा बस्ने व्यवस्था आश्रमकै तर्फबाट विशाल भण्डारामा गरियो । मात्र १७ मिनेटको गुरुवाणी द्वारा तेत्तीस करोड देवीदेवताहरुको स्तुति गरी आफ्नो गुरुदेवजीको आशीर्वाद लिएर लाखौं श्रद्धालुहरु सामु उक्त विवाह सम्पन्न भयो । यस प्रकारको विवाहमा तथा सतलोक आश्रममा कुनै किसिमको मांसाहार तथा नशालु पदार्थ आदि सेवन गर्न पूर्ण रुपमा निषेधित हुन्छ। समाजबाट दाइजो रूपी कुप्रथालाई समाप्त पार्न सन्त रामपालजी महाराजका अनुयायीहरु द्वारा यो विवाह गराइएको जानकारी आयोजकले दिएका छन् । यस्ता विवाहले समाजमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको र समाज परिवर्तित भैरहेको जानकारी पनि आयोजकले गराएका छन् । आफ्नो गुरुबाट प्राप्त ज्ञानमा आधारित रहेर मानवसेवाको भावना दर्शाउँदै अनुयायीहरुले यस कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीलाई ६० युनिट रक्तदान पनि गरेका छन् । कार्यक्रममा पूर्व केन्द्रिय सांसद रामचन्द्र झा, पूर्व केन्द्रिय मन्त्री मातृका प्रसाद यादव तथा अन्य विशिष्ट व्यक्तिहरु, सशस्त्र प्रहरी धनुषाका एस, विभिन्न न.पा. का मेयर तथा वडा अध्यक्षहरु, विभिन्न निकायका प्रमुख कर्मचारीहरु, डाक्टर तथा इन्जिनियरहरु लगायतका व्यक्तित्वहरुको बहुसंख्यामा सहभागीता रह्यो । जगतगुरु तत्त्वदर्शी सन्त रामपालजी महाराजको बोध दिवस भनेर त्यस दिनलाई भनिन्छ जुन दिन उहाँले आफ्ना आध्यात्मिक गुरु स्वामी रामदेवानन्दजी महाराजबाट मन्त्र दीक्षा लिनुभएको थियो । उहाँले १७ फेब्रुअरी १९८८ मा मन्त्रदीक्षा प्राप्त गर्नु भएको थियो । त्यसैले प्रत्येक वर्ष यस दिनलाई सन्त रामपालजी महाराजको बोध दिवसको रूपमा मनाइन्छ। सन्त रामपालजी महाराजले स्वामी रामदेवानन्दजी महाराजबाट मन्त्र दीक्षा प्राप्त गर्दाखेरीको चित्रण गर्ने आध्यात्मिक प्रदर्शनिहरु पनि उक्त कार्यक्रममा लगाइएको थियो । आश्रमको सर्व व्यवस्था तथा सन्त रामपालजी महाराजद्वारा बनाइएको भक्ति मर्यादा र अनुशासनलाई देखेर सबैले हृदय देखि नै कार्यक्रम आयोजकका साथै सन्त रामपालजी महाराजको प्रशंसा गरेका छन् । यस्ता कार्यक्रम समाजमा आमूल परिवर्तनका लागि उदाहरण रहेको कुरा अतिथीहरुले बताएका छन् । विशाल भण्डारामा शुद्ध घ्युबाट तयार गरिएको लड्डु, जेरी, बर्फी तथा हलुवा प्रसादका साथै रोटी, पूरी, तरकारी, आदि परिकारहरुको व्यवस्था रहेको छ ।

जुनसुकै व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति धेरै सङ्ख्यामा श्रद्धालु आए पनि सबैलाई निःशुल्क भोजन भण्डारा गराउने तयारी रहेको आयोजकले बताएका छन् । यसका साथै धेरै भन्दा धेरै सङ्ख्यामा आम जनसाधारणलाई कार्यक्रममा सहभागी हुन पनि आमन्त्रित गरिएको आयोजकले जनाएका छन् । तेस्रो दिन भोग आरती र सत्संग गरी कार्यक्रम सम्पन्न हुने कुरा आयोजकले जनाएका छन् । कार्यक्रमको पहिलो र दोस्रो दिन गरी करीब ४ लाख जति श्रद्धालुहरुको उपस्थित रह्यो ।

# २०८४ को चुनावमा 'महिला पहिला' नारासहित जलेश्वरमा यात्रा




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ फागुन**

२०८४ को चुनावमा 'महिला पहिला' नारासहित महोत्तरीको जलेश्वरमा महिला अधिकारकर्मीहरुले आइतबार यात्रा निकालेका छन् । जलेश्वरस्थित शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय अगाडीबाट सुरु भएको यात्रामा महिला अधिकारकर्मीहरुले मिसन २०८४ को चुनावमा महिलाको प्रतिनिधित्व बढाउने उद्देश्य साथ 'महिला पहिला' नारा सहित यात्रा गरेका छन्।

यात्रामा सहभागि महिला अधिकारकर्मीहरुले बाल विवाह अन्त्य गर, दाईजो प्रथा अन्त्य गर, महिलाको अधिकार सुनिश्चित गर्ने नारा दोहऱ्याउँदै नगरको विभिन्न भागको यात्रा पुरा गरि महेन्द्र चौकमा पुगि कोण सभा गरेका थिए । सो सभा जलेश्वर नगरपालिकाको नगर प्रमुख सुरेश साह सोनारले राज्यले महिलालाई दिएको अधिकार पाउन महिलाहरु सशक्त भएर अगाडी बढ्नुपर्ने आवश्यकता औंल्याउनु हुँदै महिलाले आफनो अधिकार समयमा माग्नु पर्नेमा जोड दिनुभयो।

यसै गरि जलेश्वर नगरपालिकाको उपप्रमुख रौशन खातुनले शिक्षामा जोड दिए मात्र महिलाले अधिकार प्राप्ती हुने भएकोले महिला शिक्षामा ध्यान दिएर आ-आफना बालबालिकालाई शिक्षामा पहुँच पुर्याएर अधिकार लिन लायक बनाउनु पर्नेमा जोड दिनुभएको छ। अन्तर-पुस्ता महिलावादी मञ्च (आईजिएफएफ) ले देशव्यापी महिलावादी "अनुपम अभियान" अन्तर्गत महोत्तरीका महिला अधिकारकर्मीहरुलाई सहभागि गराई यात्रा गरिएको अनुपम यात्रा अभियानका सदस्य तथा महिला अधिकारकर्मी रिता साहले बताउनुभएको छ । अनुपम अभियानको मुख्य लक्ष्य एउटा न्यायिक र समातमुलक समाज बनाउन टेवा पुऱ्याउनु रहेको अधिकारकर्मी साहले बताउनुभएको छ । यो अभियान २०८० देखि शुरु भई २०८४ सालसम्म सञ्चालन हुनेछ । अभियानले न्यायिक समतामूलक समाजको निर्माण गर्न टेवा पुऱ्याउने लक्ष्य लिएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

साइबर सुरक्षाबारे सचेत रहौं
- अपरिचित लिङ्क वा मेल नखोलौं,
- चिठ्ठा पर्यो भनि आएको मेल/लिङ्कहरुको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम मांग गरे विश्वास नगरौं,
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम मांग गरेमा ह्याक भएको हुसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाईफाइमा बैङ्किङ कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं ।
शंका लागेमा नजिकको प्रहरी वा साइबर ब्युरोमा सम्पर्क गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




# आमूल परिवर्तन गर

*नीति र व्यवहारबिचको बेमेललाई ढौंग भनिन्छ । यस कारण नेपाली समाज पनि ढौंगी छ । यहाँ सिद्धान्त र आदर्शको रटान धेरै गरिन्छ । राज्यले ऐन, कानुन र संहिता निर्माण पनि गर्छ । राजनीतिक दलको प्रतिबद्धतामा कुनै कमी छैन तर पनि नेपाली समाज छुवाछुत, विभेद र विसङ्गतिबाट मुक्त छैन । दलित गैरदलितबिचको विभेद, छाउपडी, बोक्सी तथा दाइजो जस्ता विसङ्गतिपूर्ण प्रथामा समयसापेक्ष परिवर्तन आएको छैन । अन्तरजातीय तथा दलित-गैरदलितबिच हुने प्रेम सम्बन्ध र विवाहको कारण हाम्रो समाजमा पटक पटक अमानवीय एवं अपराधिक घटना भइरहेका हुन्छन् ।*

*हालै सर्लाही बरहथवाका सत्येन्द्रकुमार राम (चमार) र नेहा रौनियारको जोडीको पीडादायक कथा र चार वर्ष अगाडिको रुकुम पश्चिमको सोतीमा भएको बर्बरतापूर्ण सामूहिक हत्याकाण्ड यसको ज्वलन्त उदाहरण हुन् । नेपालमा मुलुकी ऐन, २०२० ले छुवाछुतलाई कानुनी रूपमा अन्त गर्‍यो । त्यति मात्र होइन छुवाछुतलाई सामाजिक अपराध र दण्डनीय कार्य भनिएको छ । नेपालको संविधान २०७२ ले यसको दायरा अझ फराकिलो बनाएको छ ।*

*संविधानको धारा २४ मा "कुनै पनि व्यक्तिलाई निजको उत्पति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन" भनी किटान गरिएको छ । अभिभावकको कुल-घरना, जात-जाति र आर्थिक-राजनीतिक हैसियतका आधारमा विवाहको निक्कौल हुन्छ । नेपाली समाजमा अझै अन्तरजातीय र दलित-गैरदलित वैवाहिक सम्बन्ध सहज स्वीकार्य छैन । त्यसका लागि जात व्यवस्थामा आधारित सामाजिक संरचना र सामन्तवादी वैवाहिक पद्धतिमा आमूल परिवर्तन जरुरी छ ।*

# 'हाम्रो माया घर' को निर्माण कार्य तीव्र गतिमा अगाडि बढ्दै



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ४ फागुन**

बर्दिबास नगरपालिकामा निर्माणाधीन 'हाम्रो माया घर' ले तीव्रता पाएको छ । मधेश प्रदेशका सडक मानव, बेसहारा, अशक्त र असहायलाई सहारा दिने उद्देश्यले बर्दिबास-२ मा सुरु भएको 'हाम्रो माया घर' अहिले तीव्र गतिमा निर्माण अगाडि बढेको नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले बताउनुभयो । परोपकारी भावना बोकेका स्थानीय १५ जना दाताले करिब रु डेढ करोड मूल्य बराबरको साढे पाँच कट्ठा जग्गादान दिएपछि बर्दिबासमा सडक मानवका लागि भवन निर्माण प्रक्रिया सुरु भएको उहाँले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार रु १० करोड ६९ लाख लागतमा भवन निर्माण भइरहेको छ । भागवत मञ्जरी 'राधिका दासी'को प्रेरणाले बर्दिबासमा गत साउन २१ देखि २९ गतेसम्म आयोजित शिवपुराण महायज्ञमा दानबाट रु दुई करोड ४० हजार १८६ सङ्कलन भएपछि काम सुरु भएको माया घर निर्माण समितिका सचिव चेतकुमार थापाले जानकारी दिनुभयो । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले गत साउन ३० गते शिलान्यास गर्नुभएको 'हाम्रो माया घर' को निर्माण आर्थिक अभावमा ढिलाइ भएकामा अहिले सहयोग सङ्कलन हुन थालेपछि कामलाई तीव्रता दिइएको सचिव थापाले बताउनुभयो ।

मधेश प्रदेशमा पहिलो पटक सडक मानवको सहायताका लागि निर्माण भइरहेको भवन सबैका लागि प्रेरक, अनुकरणीय र मानव कल्याणको हितमा उदाहरणीय कार्य भएको उहाँको भनाइ छ । मानसिक सन्तुलन गुमाएर सडक बाटोमा भौंतारिने, मागेर खाने महिला तथा पुरुष, असहाय सडक बालबालिका, हिंसापीडित वृद्धवृद्धा, मानसिक रुग्णता भएका र परिचय गुमाएकालाई नयाँ नाम, पहिचान र मायाको ओत दिने उद्देश्यले 'हाम्रो माया घर' निर्माण थालिएको बताउँदै यथाशीघ्र काम सम्पन्न गरी सञ्चालनमा ल्याइने समितिका अध्यक्ष शम्भुप्रसाद भट्टराईले बताउनुभयो ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा भवन निर्माण गर्न रु १० करोड ६९ लाख ४५ हजार ४७७ लाग्ने उल्लेख छ ।

# सवारी साधनले एक बृद्धको मृत्य



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ४ फागुन**

महोत्तरीको वर्दिवासमा सवारी साधनले एक बृद्धको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय वर्दिवासका अनुसार बर्दीबास ४ स्थित पूर्वपश्चिम लोकमार्गमा सवारी साधनको ठक्करबाट एक वृद्ध मृत्यु भएको हो । शनिबार साँझ सवारीको ठक्करबाट गम्भीर घाइते भएका बर्दीबास ४ का ६० वर्षीय दलबहादुर तामाङको मृत्यु भएको प्रहरीले जनाएको छ । घाइते तामाङलाई उपचारका बर्दीबासस्थित शुभ स्वास्तिक असपताल पुऱ्याउदा चिकित्सकले मृत घोषणा गरेको बर्दीबासस्थित इलाका प्रहरीले जनाएको छ । अस्पताल स्रोतका अनुसार ठक्करबाट टाउकोमा गहिरो चोट लागेका कारण अत्यधिक रक्तश्रावका कारण तामाङको मृत्यु भएको हो । जंगल क्षेत्रको सडक खण्डमा तामाङलाई कुनै सवारी साधनले ठक्कर दिएर फरार भएका थिए। उनलाई कुन सवारीले ठक्कर दिएको हो खुल्न सकेको छैन । बर्दीबास प्रहरीले दुर्घटनास्थलको सघन अनुसन्धानका साथै फरार सवारीको पहिचान र खोजतलास भइरहेको जनाएको छ । तामाङको शव असपतालमै रहेको छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: पिछडेको साथी मिल्ने
मिथून: मित्रतामा फाटो आउने
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# ट्रम्प तीन महिनापछि रुस जाने तयारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ फागुन**



पछिल्लो तीन वर्षदेखि रुस र युक्रेनबीच चलिरहेको युद्ध अन्त्य गर्न अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अहिले व्यस्त रहेका छन्। सो क्रममा ट्रम्पले मे महिनामा रुसको भ्रमण गरी रुसमा हुने समारोहमा सहभागी हुन सक्ने खुलासा भएको छ।

जानकारी अनुसार अमेरिकी राष्ट्रपति ट्रम्प मे ८ र ९ मा रुसको भ्रमण गर्न सक्ने छन्, जुन भ्रमणको तयारी शुरू भएको छ। ट्रम्पले रुसको विजय दिवसको उत्सवमा भाग लिन सक्ने सम्भावना बढेर गएको छ, रुसको विजय दिवस मे ९ मा मनाइन्छ। यसअघि ट्रम्पले रुसी राष्ट्रपति पुटिनसँग फोनमा कुराकानी गरेका थिए भने सो फोन पछि उनले रुसको प्रतिद्वन्द्वी मुलुक युक्रेनी राष्ट्रपति जेलेन्स्कीसँग पनि फोनमा कुराकानी गरेका थिए। त्यसबेलादेखि रुस-युक्रेन युद्धको पूर्णविरामको बारेमा अड्कलबाजी शुरु भएको छ।

ट्रम्पले दुवै देश युद्ध रोक्न सहमत भएको जनाएका थिए। यसअघि पनि रुसी राष्ट्रपति पुटिनले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई विजय दिवसमा सहभागी हुन आमन्त्रण गरेको र उनी त्यसमा सहभागी हुने विचार गरिरहेको खुलासा भएको थियो। क्रेमलिनले पनि ट्रम्पको सम्भावित भ्रमणको तयारी भइरहेको संकेत गरिसकेको छ। रुस-युक्रेन युद्ध अन्त्यका लागि ट्रम्पले रुसका राष्ट्रपति र युक्रेनका राष्ट्रपतिसँग वार्ता गरेर युद्ध अन्त्य गर्नेतर्फ ठूलो कदम चालेपछि पुटिन र ट्रम्पका बिचमा सम्बन्ध सुधार भइरहेको छ।

# सनम तेरी कशम २ मा दोहोरिएलिन् मावरा हुसैन ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ फागुन**



दोहोऱ्याएर रिलिज भएपछि २०१६ को फिल्म 'सनम तेरी कसम' बक्स अफिसमा निकै राम्रो कमाई गरिरहेको छ। पहिलो पटक रिलिज हुँदा बक्स अफिसमा फिल्म नराम्ररी असफल भएको थियो।

तर, आफ्नो दोस्रो इनिङमा फिल्मले इतिहास रचेको छ। पहिले नै फिल्मको सिक्वेलको घोषणा भइसकेको छ। सिक्वेलमा हर्षवर्धन राणे देखिनेछन्। तर, मुख्य अभिनेत्रीको रूपमा देखा पाकिस्तानी अभिनेत्री मावरा हुसेन देखिएलिन्? 'सनम तेरी कसम'का लागि लगभग दुई सय पच्चीस केटीहरू अस्वीकृत भएपछि मावरा छानिएकी थिइन्। फिल्मको सक्वेलमा दर्शकले मावरालाई हेर्न चाहेका छन्। अभिनेत्रीले हालै सनम तेरी कसम २ मा फर्कने सम्भावनाबारे प्रतिक्रिया दिएकी थिइन्। आफ्ना लागि सिक्वेलको हिस्सा बन्न सम्भव भए, पक्कै पनि बन्ने तर यस्तो सम्भव भएन भने पनि आफूलाई नराम्रो नलाग्ने 'कनेक्ट सिने' सँगको अन्तरवार्तामा मावराले भनेकी थिइन्। पुनः रिलिज हुँदा फिल्मले ओरिजिनल रिलिजभन्दा दोब्बर कमाएको छ। फिल्मले दर्शकाट पाएको माया देखेर रफिल्मका स्टारहरू र निर्माता-निर्देशक सबै निकै खुसी छन्। फिल्मको सफलताको हकदार अरूभन्दा बढी निर्माता दीपक मुकुट भएको मावराले बताइन्। आगामी फिल्मका लागि अभिनेत्रीले निर्मातालाई शुभकामना दिइन्।

फिल्मको सिक्वेल अझ विस्फोटक हुने आशा उनले व्यक्त गरिन्। २०१६ को फिल्मलाई राधिका राव र विनयले निर्देशन गरेका थिए। फेब्रुअरी ७ मा पुनः रिलिज भएको यो फिल्मले बक्स अफिसमा ३० करोड रुपैयाँभन्दा बढी कमाएको छ।

# अमेरिकी डलरको भाउ एक सय ३९ रुपैयाँ, कसको कति ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ फागुन**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ६२ पैसा र बिक्रीदर १३९ रुपैयाँ २२ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिदर १४५ रुपैयाँ ०७ पैसा र बिक्रीदर १४५ रुपैयाँ ७० पैसा निर्धारण गरिएको छ। यस्तै, युके पाउन्ड स्ट्रलिड एकको खरिददर १७४ रुपैयाँ ४० पैसा र बिक्रीदर १७५ रुपैयाँ १५ पैसा कायम गरिएको छ। स्वीस फ्र्याङ्क एकको खरिददर १५३ रुपैयाँ ६७ पैसा र बिक्रीदर १५४ रुपैयाँ ३४ पैसा तय गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ८२ पैसा र बिक्रीदर ८८ रुपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ७१ पैसा र बिक्रीदर ९८ रुपैयाँ १४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ३० पैसा र बिक्रीदर १०३ रुपैयाँ ७५ पैसा निर्धारण गरिएको केन्द्रीय बैंकले जनाएको छ। जापानी येन १० को खरिददर ०९ रुपैयाँ ०८ पैसा र बिक्रीदर ०९ रुपैयाँ १२ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०८ पैसा र बिक्रीदर १९ रुपैयाँ १६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ९६ पैसा र बिक्रीदर ३७ रुपैयाँ १२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ०२ पैसा र बिक्रीदर ३८ रुपैयाँ १९ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १२ पैसा र बिक्रीदर चार रुपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ २६ पैसा र बिक्री दर ३१ रुपैयाँ ३९ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ६२ पैसा र बिक्रीदर नौ रुपैयाँ ६६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९१ पैसा र बिक्रीदर १२ रुपैयाँ ९७ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४५ पैसा र बिक्री दर १९ रुपैयाँ ५३ पैसा तोकिएको छ।

# अन्तर्राष्ट्रिय महिला फुटबलका लागि नेपाली टोली तयार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ फागुन**



अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा सोमबारदेखि अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता (ईन्टरनेशनल वुमन्स च्याम्पियनसिप) सुरु हुँदैछ। प्रतियोगिताका लागि नेपाली टोलीको तयारी पूरा भएको प्रशिक्षक र कप्तानले बताएका छन्।

नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले सबै तयारी सकिएको बताए। 'लगभग सबै तयारी सकिएको छ। बाहिरबाट आउने एन्जिला र रेखा आइसकेकी छन्। साम्बा (सावित्रा भण्डारी) भोलि बिहानसम्म आईपुग्छ। अब भोलिको लागि तयारी हुँदैछ।' आइतबार भएको प्रि-म्याच कन्फ्रेन्समा प्रशिक्षक तामाङले भने। यस्तै कप्तान एन्जिला तुम्बापो सुब्बाले यो प्रतियोगिता नेपालको लागि राम्रो अवसर भएको बताए। 'एन्फालाई धन्यवाद यो प्रतियोगिता आयोजनाका लागि।

हाम्रो लागि यो ठूलो अवसर हो।' उनले भनिन्, 'साफ लगत्तै अर्को प्रतियोगिता खेल्न पाएका छौं। हाम्रो लागि र समर्थकको लागि राम्रो हो।' कप्तान एन्जिलाले टिमवर्क राम्रो रहेकोले बोलेर भन्दा पनि राम्रो खेल्नुपर्ने बताइन्। 'हाम्रो तयारी राम्रो छ। विपक्षी टिमहरु पनि बलियो छ। जित्छौं रुभनेर भन्ने भन्दा पनि मैदानमा प्रमाणित गर्नुपर्छ।' नेपालले सोमबार आफ्नो पहिलो खेलमा कीर्गिस्तानसँग खेल्दैछ। खेल दशरथ रंगशालामा साँझ ६ बजे सुरु हुनेछ। त्यसअघि दिउँसो २ बजे म्यानमार र लेबनानबीच हुनेछ। प्रशिक्षक तामाङले नेपालले यसअघि कीर्गिस्तानसँग ६ वर्ष अघि खेलेको खेल जितेपनि अहिले टिम परिवर्तन भएको बताए। 'कीर्गिस्तानसँग ६ वर्षअघि खेलमा नेपाल ८-२ ले विजयी भएकोथियो। त्यसपछि खेलेको छैन।

# एकडारामा शारीरिक स्वास्थ्य प्रारम्भिक जाँच उद्घाटन कार्यक्रम सम्पन्न



**आरजे इर्शाद**
**महोत्तरी, ४ फागुन**

महोत्तरी जिल्लाको एकडारा गाउँपालिका वडा न २ बेला स्थित रहेको श्री नेपाल राष्ट्रिय आधारभुत विधालयको प्राङ्गणमा शारीरिक स्वास्थ्य प्रारम्भिक जाँच उद्घाटन कार्यक्रमको आयोजना गरिएको थियो।

नेपाल सरकारद्वारा लागु गरिएको विद्यालय स्वास्थ्य तथा पोषण निर्देशिका २०७१ अनुसारको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई पनि विशेष महत्व दिइएको छ।

यस सन्दर्भमा World vision International Nepal को साझेदार संस्था दलित समाज उत्थान समिति (DSWCN) नेपालको आयोजनामा नेपाल सरकारको विद्यालय स्वास्थ्य तथा पोषण निर्देशिका २०७१ अनुसार विद्यालयका आधारभूत तहका विद्यार्थीहरुको शारीरिक स्वास्थ्य प्रारम्भिक जाँच कार्यक्रममा प्रशिक्षण (TOT) लिएका स्वास्थ्य सम्पर्क शिक्षक(Health Focal Teacher) ,Casual StaffÚs र सम्बन्धित वडाका Field mobilizer परिचालन गरि शिविर सचालन भइरहेको छ। गाउँपालिकामा संचालित Protection– Community Engagement and child sponsorship Program अन्तर्गत शिविरमा बाल स्पोन्सरशिप कार्यक्रम अन्तर्गत गाउँपालिकाको १ देखि ७ वडाहरुमा दर्ता भएका ३२ सय ६१ बालबालिकाहरु र अन्य समुदायको बालबालिकाहरु समेत गरेर ४ हजार बालबालिकाहरुको स्वाथ्य जाँच गर्ने योजनामा आज ५ सय ५० बालबालिका मध्ये २०० जनाको प्रारम्भिक स्वास्थ्य जाँच सम्पन्न भएको छ। उक्त कार्यक्रम पालिकाका सम्पूर्ण वडाहरुमा फाल्गुन ४ देखि ७ गते सम्म संचालन गरिनेछ। उदघाटन कार्यक्रमको अध्यक्षता दलित समाज उत्थान समिति नेपाल (DSWCN) को कार्यक्रम सल्लाहकार पुनित कुमार चौधरीले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा एकडारा गाउँपालिकाको अध्यक्ष दिप नारायण मण्डल, अतिथिहरुमा वडा न २ को वडा अध्यक्ष शखिचन्द्र यादव, विधालयका व्यवस्थापन समितिका अध्यक्ष संजिव यादव, प्रधानाध्यापक धनन्जय मिश्रा, शिक्षक शिक्षिकाहरु ,पत्रकार तथा अभिभावकहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा पालिका अध्यक्ष मण्डलले आफ्नो मन्तव्य राख्दै रुयो कार्यक्रम हाम्रो समुदायको तथा बालबालिका हरुको लागि सुनौलो अवसर प्रदान गरेको देखिन्छ।

कार्यक्रमको उदेश्य DSWCN को Sponsorship Quality Control officer देवि प्रसाद निरौलाले प्रष्ट पार्नु भएको थियो। संचालित कार्यक्रमका संयोजक उतिम चन्द्र चौधरीले ४ हजार भन्दा बढी बालबालिकाहरुको स्वास्थ परिक्षण गर्ने योजना रहेको छ।




औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल

# वैदेशिक सहयोगको बदलिँदो परिदृश्य



-दातृसंस्थाले दिने अनुदान सहयोगको १६ प्रतिशतभन्दा बढी सरकारी बजेट प्रणालीसँग कुनै सरोकार नै नराखी खर्च भइरहेको स्थिति छ। अर्कोतिर, करिब एकतिहाइ अनुदान सहयोग सरकारी बजेटमा उल्लेखचाहिँ हुने तर सरकारको नियन्त्रण र सुपरिवेक्षणभित्र नपरेको देखिन्छ। दोस्रो विश्वयुद्धको समाप्तिसँगै वैदेशिक सहयोग आर्थिक विकासको एउटा महत्त्वपूर्ण पाटोका रूपमा देखिन थाल्यो।

युद्धबाट भएको क्षतिको पुनर्निर्माणका लागि युरोपले ब्रेटन उड्स बहुपक्षीय संस्थाहरू र द्विपक्षीय सहयोग निकायहरूबाट ठूलो स्तरमा वैदेशिक सहयोग लियो र झन्डै एक दशकभित्रै वैदेशिक सहयोगलाई करिब शून्यमा झारियो। यसमा जर्मनीको उदाहरण महत्त्वपूर्ण छ। अमेरिकी मार्सल प्लानअन्तर्गत लिइएका आर्थिक सहयोगहरूको प्रभावकारी उपयोगपछि जर्मन अर्थतन्त्रले एक युगान्तकारी फड्को मार्‍यो। त्यस समयमा अमेरिकी बिदेशमन्त्री जर्ज मार्सलको वैदेशिक सहयोगको एक विशेष प्रकारको प्रारूप थियो। त्यसमा तीनवटा पक्षहरू समेटिएका हुन्थे। पहिलो, सहयोग कहिलेसम्म र केका लागि प्रस्ट हुनुपर्थ्यो। दोस्रो, त्यसले मुलुकको आर्थिक र सामाजिक रूपान्तरण कसरी गर्‍यो, प्रस्ट हुनुपर्थ्यो। तेस्रो, सहयोग प्राप्त गर्ने मुलुकमा लोकतान्त्रिक पद्धति हुनुपर्थ्यो र खर्च पारदर्शी हुनुपर्थ्यो। यी सिद्धान्तहरू अहिले पनि अमेरिकी वैदेशिक सहयोग नीतिका अभिन्न अंग बनेका छन्। दोस्रो विश्वयुद्धपछि विश्व दुई ध्रुवमा बाँडियो। शीतयुद्धको समयमा अमेरिकासम्बद्ध मुलुकहरू र तत्कालीन सोभियत संघसम्बद्ध मुलुकहरूले आ-आफ्नो समूहको स्वार्थबमोजिम सहयोग गर्न थाले। भारत विभाजनले वैदेशिक सहयोग दक्षिण एसियातिर तुलनात्मक रूपले बढी आउन थाल्यो।

लगत्तै पछि कोरियाली युद्ध सुरु भएपछि शक्तिराष्ट्रहरूका वैदेशिक सहयोग पूर्वी एसियाली मुलुकतर्फ बढ्न थाल्यो। सन् १९६० को दशकमा औद्योगिक राष्ट्रहरूको अन्तर्राष्ट्रिय सहयोग दक्षिण अमेरिकी राष्ट्रहरू र मध्यपूर्वका मुलुकतर्फ प्रवाह भयो। अझ प्रस्ट रूपमा भन्ने हो भने, क्युबामा समाजवादी आन्दोलन सफल हुनु र मध्यपूर्वमा इजरायलको स्थापना हुनुलाई धेरै पश्चिमा मुलुकहरूले नकारात्मक र सकारात्मक रूपमा लिएका थिए। अन्तर्राष्ट्रिय सहयोग त्यही सेरोफेरोमा घुमिरहेको थियो। सन् १९७० को दशकमा धेरै वैदेशिक सहयोग अफ्रिका र पर्सियन खाडीतर्फ मोडिए। धेरै अफ्रिकन मुलुकहरू अंग्रेज र फ्रेन्च उपनिवेशबाट स्वतन्त्र भइरहेकोले यी दुई राष्ट्रहरूमा नवस्वाधीन राष्ट्रहरूप्रति केही दायित्व पनि थियो। अर्कोतर्फ इरानमा भएको इस्लामिक आन्दोलन सफल भएर गणतन्त्रात्मक प्रणाली लागू भएपछि सम्पूर्ण पर्सियन खाडी क्षेत्रलाई आफ्नो अनुकूलमा राख्नका लागि खाडीका मुलुकहरूमा बढी सहयोग प्रवाह भयो।

८० को दशकमा मध्यअमेरिकी मुलुकहरू लगायत क्यारेबियन क्षेत्रमा चरम ऋण संकटहरू देखा परे। उत्थानका कार्यक्रमहरू प्रभावकारी हुन नसकेको अवस्थामा ऋण संकटबाट बाहिर निस्कन नसक्ने र मौजुदा अवस्थामा ऋण पनि तिर्न नसक्ने परिस्थितिबाट उद्धार गर्नका लागि धेरै वैदेशिक सहयोगको प्रवाह यस क्षेत्रमा गएको देखिन्छ। बढी खर्चिलो र कम प्रतिफलयुक्त सार्वजनिक क्षेत्रको समस्या ८० को दशकको उत्तरार्द्धमा पूर्वी युरोपेली मुलुकहरूमा पनि देखापर्‍यो। त्यहाँका समाजवादी सरकारहरू एकपछि अर्को गरी ढले र आर्थिक सुधारका कार्यक्रमहरू अघि बढे। केन्द्रीकृत अर्थव्यवस्थाबाट बजार व्यवस्थामा संक्रमणसँगै सुधारका कार्यक्रमहरूलाई गति दिनका लागि वैदेशिक सहयोगको ठूलो आवश्यकता पर्‍यो। ९० को दशकमा पश्चिमा मुलुकहरूको वैदेशिक सहयोगको ठूलो हिस्सा पूर्वी यूरोप र मध्य एसियातर्फ मोडियो।

विश्व अर्थतन्त्र ९० को दशकको उत्तरार्द्धदेखि हालसम्म क्षेत्रीय द्वन्द्वको मारमा परिरहेको छ। कुवेत र इराकबाट सुरु भएको द्वन्द्वपछि अफगानिस्तान, सिरिया, यमन, सुडान, बुर्किना फासो र हालै युक्रेन आक्रान्त बने। वैदेशिक सहयोगको ठूलो अंशले यिनै युद्धरत भूगोलको बाटो समात्यो।

नेपालको ऐतिहासिक पृष्ठभूमिः नेपालले सन् १९५० को दशकदेखि वैदेशिक अनुदानहरू प्राप्त गर्न थालेको हो। अनुदान मुख्यतः कोलम्बो परियोजनाबाट प्राविधिक सहयोगको रूपमा आएको थियो। यसै दशकमा सम्पन्न पहिलो पञ्चवर्षीय योजनाको सम्पूर्ण विकास खर्च वैदेशिक अनुदानबाट सम्पन्न भएको थियो। ६० को दशकबाट नेपालले ऋण सहयोगहरू पनि लिन थाल्यो। तैपनि दोस्रो आवधिक योजनाको विकास खर्चको करिब ७० प्रतिशत वैदेशिक अनुदानबाट प्राप्त भएको थियो। द्विपक्षीय सहयोगमा भारत र अमेरिकाको योगदान करिब एकतिहाइ रह्यो भने अन्य सहयोग चीन, तत्कालीन सोभियत संघ, संयुक्त अधिराज्य, स्विट्जरल्यान्ड, अस्ट्रेलिया, जापान र न्युजिल्यान्डबाट प्रमुख रूपमा आएका थिए। त्यसपछि, एघारौं योजनासम्म वैदेशिक सहयोगले कुल आवधिक योजना खर्चको ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म योगदान गरेको छ।

हालका वर्षहरूमा वैदेशिक सहयोगले आवधिक योजनाको विकासमूलक खर्चको २० देखि ४० प्रतिशतसम्म ओगटेको देखिन्छ। आर्थिक गतिविधिका हिसाबले कृषि, यातायात र ऊर्जा क्षेत्रमा विशेष सहयोग आए भने त्यसपछिका प्राथमिकतामा सञ्चार, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रहरू रहे।

लामो समयसम्म द्विपक्षीय सहयोगमा जापानको योगदान प्रमुख रह्यो। ८० को दशकदेखि नेपालमा द्विपक्षीय सहयोगभन्दा बहुपक्षीय सहयोगको मात्रा बढ्न थाल्यो। ९० को दशकदेखि नेपालले लिएका वैदेशिक सहयोगहरू भौतिक पूर्वाधार, प्राविधिक सहयोग, सामग्री सहयोग र मानवीय सहयोग गरी चार प्रकारका भए।

सांभार : कान्तिपुर।


## एचपीभी खोप अभियान संचालन सम्बन्धी सूचना

धनुषा जिल्लामा पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपीभी खोप अभियान संचालन भएको छ।

माघ २२ गतेदेखि फागुन ६ गतेसम्म धनुषाको १८ वटै स्थानीय तहका कक्षा ६ देखि कक्षा १० सम्मका छात्रा तथा विद्यालय बाहिरका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई खोप दिइने छ।

तपसिलका स्थानीय तहका स्वास्थ्य चौकी, सामुदायिक तथा संस्थागत विद्यालयमा खोप अभियान संचालन हुने-

**–पहिलो चरण (माघ २२ गतेदेखि २९ गतेसम्म)**

जनकपुरधाम उपमहानगरपालिका, मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, नगराइन नगरपालिका, हंसपुर नगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, बटेश्वर गाउँपालिका, मिथिला नगरपालिका र गणेशमान चारनाथ नगरपालिका।

**– दोश्रो चरण (फागुन १ गतेदेखि ६ गतेसम्म)**

धनौजी गाउँपालिका, औरही गाउँपालिका, विदेह नगरपालिका, कमला नगरपालिका, शहीदनगर नगरपालिका, सबैला नगरपालिका, धनुषाधाम नगरपालिका र मिथिला बिहारी नगरपालिका।

**अनुरोधकर्ता**
**स्वास्थ्य कार्यालय,धनुषा**



## पत्रिका/पेपर

**कम्प्यूटराईज गराउन सम्झनुहोस।**





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



## एचपिभि खोप अभियान सम्बन्धी सूचना

पाठेघर रोग विरुद्ध एचपिभि खोप माघ २४ गतेदेखि फागुण ८ गतेसम्म कक्षा ६ देखि कक्षा १० सम्मका छात्राहरु तथा विद्यालय नजाने १० वर्षदेखि १४ वर्षसम्मका किशोरीहरुलाई पाठेघरको मुखमा लाग्न सक्ने क्यान्सर विरुद्ध एचपिभि(HPV) खोप लगाउन थालिएको छ। खोप लगाऔं र आफ्नो किशोरीहरुको पाठेघरको मुखको क्यान्सरबाट बचाऔं। खोप संचालन महोत्तरी जिल्लाको प्रत्येक पालिका तथा स्वास्थ्य चौकी मार्फत हुन गईरहेको छ। खोप २ चरणहरुमा संचालन हुन गई रहेको छ।

| पहिलो चरणमा खोप माघ २४ गतेदेखि माघ ३० गतेसम्म ७ वटा पालिकाहरुमा | दोस्रो चरणमा खोप फागुण २ गतेदेखि फागुण ८ गतेसम्म ८ वटा पालिकाहरुमा |
|---|---|
| जलेश्वर नगरपालिका,मटिहानी नगरपालिका,पिपरा गाउँपालिका,महोत्तरी गाउँपालिका,एकडारा गाउँपालिका,मनरासिस्वा नगरपालिका र लोहारपट्टी नगरपालिका | सम्सी गाउँपालिका,सोनमा गाउँपालिका,गौशाला नगरपालिका,भंगहा नगरपालिका,औरही नगरपालिका,रामगोपालपुर नगरपालिका,बलवा नगरपालिका र बर्दिबास नगरपालिका |

**अनुरोधकर्ता**
**स्वास्थ्य कार्यालय,महोत्तरी**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday